# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल


प. सं. ०७६/७७ प्र.ज. वि. शा.
च. नं. १६८६

मिति २०७६/०७/१४

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०७/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।



Scanned by CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको ३४औं बैठकका निर्णयहरु
(२०७६ कार्तिक ७ गते)

१. सहयोगापेक्षी सडक मानवरहीत महानगर घोषणा गर्ने सम्बन्धमा अनुगमन मूल्याङ्कन समितिले दिएको प्रतिवेदन र सुझाव समेतको आधारमा कार्तिक ९ गते हुन गइरहेको सहयोगापेक्षी सडक मानवरहीत महानगर घोषणा कार्यक्रमलाई भव्यरुपमा सम्पन्न गर्ने र दिगोपनाको लागि Screening House संचालनको प्रक्रिया समेत अगाडि बढाउने र निरन्तर अभियान गर्ने गरी पेश भएको प्रस्ताव अनुमोदन गरियो ।

२. संघीय तहसँग माग गरिएका समपूरक कोष र विशेष अनुदान तर्फका विभिन्न ७ वटा आयोजनाको सूची सम्बन्धमा छलफल गरी अनुमोदन गरियो ।

३. कोशी नदीमा सञ्चालनमा रहेका महानगरको स्वामित्वका जेटवोटको सम्झौतामा उल्लेख भएको शर्त अनुसार राजस्व रकम भुक्तानी गर्न र दुबै जेटवोटलाई सुचारु हालतमा ल्याई महानगरपालिकालाई बुझाउनका लागि सञ्चालन गर्न ठेक्का परेको कम्पनीलाई ताकेता गरी शर्त पालना नभएको पाइएमा कानून अनुसार ठेक्का प्रकृया रद्द गर्ने तथा नयाँ सञ्चालक चयन गर्नेतर्फ कारवाही अघि बढाउने निर्णय गरियो।

४. लायन्स क्लव अफ नारायणगढ चित्रवनलाई उपलब्ध गराएको जग्गा सम्बन्धमा सो लायन्स क्लबलाई उक्त जग्गा उपयोगको स्पष्ट खाका पेश गर्नको लागि मंसिर ५ गतेसम्म समयावधि दिने निर्णय गरियो ।

५. वि. पी. नगर वन लगायतको नारायणी किनारको क्षेत्रमा Water Park and Ecotourism जन्य पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्नका लागि Yuan Xin Recreation Company बाट पेश भएको प्रस्ताव उपयुक्त देखिएकोले आवश्यक अन्य प्रकृया पूरा गर्नका लागि संघीय निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

६. गत आर्थिक वर्षका आयोजनाहरुमध्ये उपभोक्तासमितसँग सम्झौता भै सम्पन्न हुन बाँकी आयोजनाहरुको म्याद २०७६ मंसिर मसान्तसम्म अन्तिम म्याद थप गरी आयोजना सम्पन्न गर्ने



Scanned by CamScanner

निर्णय गरियो । टेण्डरमार्फत भएका कामहरुको हकमा निर्माण व्यवसायीहरुसँग नियमित सम्पर्कमा रही समयमा कार्य सम्पन्न गर्न शहरी पूर्वाधार महाशाखाले सम्वन्धित वडाध्यक्ष एवं अन्य सरोकारवालासमेतको सहयोग लिई विशेष पहल गर्ने निर्णय गरियो ।

७. ट्रकपार्कको लागि भाडामा लिइएको वडा नं ३ को जग्गा भाडा रकम भुक्तानी गर्ने र गत असार मसान्तमा कारणबश रद्द गरिएको ठेक्कामा राखिएको धरौटी रकम २ लाख नब्बे हजार फिर्ता गर्ने निर्णय गरियो ।

८. IEE गरी पेश भएको भ. न. पा. २९ पात्लेवासका भीमबहादुर गुरुङको निजी जमिनबाट ग्रावेल मिक्स माटो उत्खनन गरी बिक्री गर्न अनुमति दिने सम्बन्धमा नगर प्रमुखज्यूकै संयोजकत्वमा पुनः स्थलगत अनुगमन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९. विविध

९.१. वडा नं ५ र २५ को वडा कार्यालय निर्माणका लागि अत्यावश्यक जग्गा व्यवस्थापन सम्बन्धमा छलफल हुँदा सो स्थानमा सार्वजनिक जग्गा उपलव्ध नभएको भनी जग्गा खोजविन, पहिचान र संरक्षण समितिले प्रतिवेदन दिएको हुँदा साविकको वडा कार्यालयसँगै रहेको देहाय बमोजिमको प्रचलित दररेटभन्दा फरक नपर्नेगरी जग्गा खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(क) वडा नं. ५ को साविक वडा कार्यालय रहेको जग्गाको पूर्वतर्फ साँध जोडिएको कित्ता नं ९०५ को ११ धुर जग्गा

(ख) वडा नं. २५ को कार्यालय भवनको पछाडि सँगै जोडिएको साविक शुक्रनगर गा. वि. स. वडा नं ५ को कित्ता नं ५१७ को २ कठ्ठा सत्र धुर जग्गा

९.२. महानगरपालिकाको तर्फबाट Visit Nepal Year, 2020 का लागि भैरहेको तयारीका सम्बन्धमा बैठकमा जानकारी गराइयो । साथै विज्ञसहितको टोलीले वडागत रुपमा रहेका पर्यटकीय स्थल पहिचान गरी सूची तथा पर्यटन प्याकेज तयार गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

९.३. जै घाँसको खरिदका लागि प्राप्त दररेट मध्ये न्यूनतम दर रु ७५ केजी रहेको तर नगर दररेटअनुसार रु ६० प्रतिकेजी रहेकोमा खरिद कार्य अगाडि बढाउनका लागि प्रति केजी रु ७५ को दर स्वीकृत गरी खरिद अगाडि वढाउन स्वीकृति दिने निर्णय गरियो ।

९.४. महानगरपालिकाको अभिलेखमा नदेखिएका र लामो समयदेखि चालु हालतमा नरहेका एवं मर्मत सम्भार हुन नसक्ने वा मर्मत गर्नलाई बढी खर्चिलो हुने भनी जिन्सी निरीक्षण प्रतिवेदन एवं प्राविधिक प्रतिवेदनबाट समेत खुल्न आएका विभिन्न सवारी साधनहरुलाई लिलाम गर्न स्वीकृति प्रदान गरियो ।

(क)जिन्सी खातामा अभिलेख नरहेको देहायका सवारीको हकमा आम्दानी बाँधी लिलाम गर्ने

१. मोटर ग्रेडर

- Detroit Diesel
- Engine No 40223

२. मानियर D' Silt Man 3030

- फोहर उठाउन प्रयोग हुने
- लिफ्टिङ सिस्टम भएको

३. ISUZU Single Cab Pickup

- नारायणगढ जेसिज, नारायणगढबाट प्राप्त
- VIN JAATFS52HN7100058

४. Maniar Portable Pump

- Mfg year 2006 October

५. Magirus Deutz दमकल

- Nepalhilfe Beilngries E. V. Germany In Partnership of R. C. Lalitpur Midtown and Safari Narayani
- Fahrgest Nr. 4900092333
- Type F Magirus 232D17FA

(ख) ना. १ झ. १६०७ Double Cab को दुर्घटनाग्रस्त पिक अप मर्मत गरी संचालनमा ल्याउन भन्दा लिलाम बिक्री गर्नु उपयुक्त हुने भनी प्राविधिक प्रतिवेदन समेतको आधारमा कवाडीमा लिलाम गर्ने ।



Scanned by CamScanner

९.५. शारदानगर (वडा नं. १९) स्थित स्वास्थ्य चौकीलाई १५ शैय्याको अस्पतालका रुपमा अपग्रेड गर्न अनुरोध गरी पठाउने निर्णय गरियो ।

९.६. गीतानगर स्वास्थ्य चौकीको नाम शहिद गणेश स्वास्थ्य चौकीको रुपमा नाम परिवर्तन गर्ने निर्णय गरियो ।

९.७. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र वडा नं १३ मा स्थापना गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

९.८. भरतपुर महानगरपालिका भित्र ५० शैय्याको आयुर्विद अस्पताल संचालनको लागि संघीय/प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

९.९. जापानको योकोसुका सिटीसँग भगिनी सम्वन्ध स्थापना गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९.१०. वडा नं. २६ को सामाजिक सुरक्षा भत्ता वितरणको लागि ICFC वित्तीय संस्थासँग सम्झौता गरी बैंक खाता संचालनको अनुमति दिने निर्णय गरियो ।

Scanned by CamScanner